# सङ्खुवासभा जिल्ला अदालत

फोन नं. ०२९–५७०१९५, ५७०१९६
फ्याक्स ०२९–५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np

पत्र संख्याः २०७७/०७८      १ नं. प्रदेश नेपाल
चलानी नम्बरः      मिति २०७७/०४/१५

## सूचना। सूचना।। सूचना।।।

यस अदालतको मिति २०७६/०४/२९ गतेको निर्णयानुसार मिति २०७७ श्रावण मसान्तसम्मका लागि यस अदालतको वैतनिक कानून ब्यवसायी पदमा नियुक्ति दिइएकोमा उक्त म्याद समाप्त हुन लागेकोले उक्त रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा यस अदालतको मिति २०७७/०४/१५ गतेको निर्णयानुसार जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ बमोजिम स्वस्थ प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने भएकाले निम्न सेवा सर्तमा रहन चाहने योग्यता पुगेका इच्छुक कानून ब्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले प्राप्त गरेको कानून ब्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा निवेदन दस्तुर बापतको रु. १०।– को रसिद साथै राखी यस अदालतमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. पदः वैतनिक अधिवक्ता
२. सङ्ख्याः १ (एक)
३. मासिक तलवः रा.प.तृतीय श्रेणीको अधिकृतले पाउने न्यूनतम मासिक पारीश्रमिक (सुरु स्केल)
४. योग्यताः अधिवक्ताको प्रमाणपत्र लिई कम्तिमा २ वर्षको अनुभव प्राप्त गरेको।
५. वैतनिक कानून ब्यवसायीले कार्यालय समयमा नियमित उपस्थित भई काम गर्नुपर्ने र कार्यालयको समयमा कानून ब्यवसायबाहेक अन्य कार्यमा ब्यंस्त हुन नहुने।
६. सम्पर्क मितिः २०७७/०४/३२ गते
७. परीक्षाको किसिमः अन्तरवार्ता
८. अन्तरवार्ता मितिः २०७७/०४/३२ गते
९. काम गर्नुपर्ने स्थानः सङ्खुवासभा जिल्ला अदालत चैनपुर, जिल्लास्थित न्यायिक समिति तथा अर्धन्यायिक निकायहरूसमेत।
१०. गर्नुपर्ने कामः जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ बमोजिमका कामहरू, यस अदालतले तयार गरेको आ.व. २०७७/०७८ को वार्षिक कार्ययोजना बमोजिम जिल्ला स्थित कारागार कार्यालयमा रहेका असहाय र आर्थिक रूपमा विपन्न, थुनुवा तथा कैदीहरूले निःशुल्क कानूनी सेवा प्राप्त गर्न चाहेमा सो स्थानमा गई कानूनी सेवा उपलब्ध गराउनु पर्ने र वैतनिक कानून व्यवसायीलाई प्रभावकारी बनाउने सम्वन्धमा गर्नुपर्ने विभिन्न कामहरूसमेत।

.....................
(डिल्लीराम प्रसाई)
स्रेस्तेदार (शा.अ.)